# पोखरा विश्वविद्यालय

## पन्धौं दीक्षान्त समारोहमा भाग लिन आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

**(प्रकाशित मितिः २०७४/०९/१६)**

पोखरा विश्वविद्यालयको २०७४ साल फाल्गुण ८ गते (20th February, 2018) मा आयोजना हुन गइरहेको पन्धौं दीक्षान्त समारोहमा भाग लिन २०७४ साल माघ १८ गते (1st February, 2018) सम्ममा स्नातक, स्नातकोत्तर तथा एम.फिल. तह उत्तीर्ण गरी ट्रान्सक्रिप्टका लागि आवेदन गरिसकेका विद्यार्थीहरुले पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा. -३०, ढुङ्गेपाटन, कास्की र पोखरा विश्वविद्यालय काठमाण्डौं सम्पर्क कार्यालय, रातोपुल गौशाला, काठमाण्डौंमा २०७४ साल माघ २६ गते (9th February, 2018) भित्र आइपुग्ने गरी देहाय अनुसार रीत पुर्‍याई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विस्तृत विवरणः**

१) आवेदन फाराम पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा. -३०, ढुङ्गेपाटन, कास्की तथा पोखरा विश्वविद्यालय, काठमाण्डौं सम्पर्क कार्यालय, रातोपुल गौशाला, काठमाण्डौंबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फाराम बुझाउँदा दीक्षान्त समारोहमा भाग लिने तहको सक्कल ट्रान्सक्रिप्ट रुजु गराई उक्त ट्रान्सक्रिप्टको प्रतिलिपि एक प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि एक प्रति, पासपोर्ट साइजको फोटो २ प्रति अनिवार्य रुपमा बुझाउनुपर्नेछ । फोटो प्रमाणपत्रमा प्रयोग गरिने भएकोले नविग्रिने गरी खाममा राखी बुझाउनुपर्नेछ ।

३) आवेदन फारामसाथ दीक्षान्त शुल्क वापत रु. ३,५००/–(तीन हजार पाँच सय) र दीक्षान्त पोशाक (गाउन, ह्याट र स्कार्प) धरौटी शुल्क वापत रु. २,०००/– (दुई हजार) गरी जम्मा रु. ५,५००/– PU Exam Control Office नाममा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा रहेको खाता नं. ०११०५०२००११९३८ वा कामना सेवा विकास बैङ्क लिमिटेड, लेखनाथमा रहेको खाता नम्बर ०१२००३०००२७३१७००००01 मा जम्मा गरेको सक्कल बैङ्क भौचर लेखा शाखामा बुझाई सोको रसिद लिनुपर्नेछ । उक्त रकम नेपाल इन्भेष्टमेन्ट बैंकको जुनसुकै शाखामा जम्मा गर्न सकिनेछ ।

४) दीक्षान्त पोशाक वितरण तथा धरौटी फिर्ता लिन आउँदा अनिवार्य रुपमा सक्कल नगदी रसिद पेश गर्नुपर्नेछ ।

५) दीक्षान्त पोशाक वितरण २०७४ साल फाल्गुण ६ र ७ गतेका दिन बिहान १०:०० बजेदेखि बेलुका ४:३० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा. -३०, ढुङ्गेपाटन, कास्कीबाट हुनेछ । दीक्षान्त समारोहका दिनमा दीक्षान्त पोशाक वितरण गर्ने, धरौटी तथा दीक्षान्त पोशाक फिर्ता गरिने कार्य हुने छैन ।

६) धरौटी फिर्ता २०७४ साल फाल्गुण ०९ गते बिहान ८:०० बजेदेखि बेलुका ४:०० बजेसम्म परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा. -३०, ढुङ्गेपाटन कास्कीबाट हुनेछ । धरौटी फिर्ता तथा दीक्षान्त पोशाक बुझ्ने कार्य काठमाण्डौं सम्पर्क कार्यलयबाट हुनेछैन ।

७) दीक्षान्त समारोहमा भाग लिन आवेदन नदिने विद्यार्थीहरुलाई दीक्षान्त समारोहमा सम्मिलित गराइने छैन ।

८) अन्य विस्तृत जानकारीका लागि पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, पोखरा लेखनाथ म.न.पा. -३०, ढुङ्गेपाटन, कास्की तथा पोखरा विश्वविद्यालय काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल काठमाण्डौं एवं सम्बन्धित कलेजहरुमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**नोटः**

- दीक्षान्त आवेदन फाराम पोखरा विश्वविद्यालयको आधिकारिक वेभ साइट www.pu.edu.np बाट डाउनलोड गर्न सकिनेछ ।
- दीक्षान्त समारोहमा भाग नलिने विद्यार्थीहरुले **दीक्षान्त समारोह सम्पन्न भइसकेपछि** आवेदन फाराम सहित नियमानुसार रु. ४,०००।- (अक्षेरुपी चार हजार रुपैयाँ मात्र) शुल्क बुझाई प्रमाणपत्र लिन सक्नेछन् ।
- यस अगाडि ग्रेस लिष्टमा समावेश भइसकेका विद्यार्थीहरुले दीक्षान्त समारोहमा भाग लिन पाउने छैन । चौधौं दीक्षान्त समारोह अगाडी नै उपाधिका निमित्त निर्धारित सम्पूर्ण आवश्यकता पुरा गरी परीक्षा समेत उत्तीर्ण गरेका तर प्राविधिक कारणबाट ग्रेस लिष्टमा समाविष्ट हुन नसकेका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाण सहित यस कार्यालयमा मिति २०७४।१०।२० गते सम्ममा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

परीक्षा नियन्त्रण कार्यालय